# १२ मृत्यु र पुनरुत्थान

<u>*यस अध्यायका मूल पदहरू:*</u> यूहन्ना ११:११, यूहन्ना १:१-४, लूका ८:५४,५५, यूहन्ना ५:२८,२९, मत्ती ५:२२,२९, ३० र यूहन्ना ११:३८-४४।

<u>*यस अध्यायको मूल पद:*</u> **"येशूले उनलाई (मार्था) भन्नुभयो, "पुनरुत्थान र जीवन मै हुँ। यदि कोही मानिस मलाई विश्वास गर्छ भने त्यो मरेपनि जीवित हुनेछ।" (यूहन्ना ११:२५ रूपान्तरित)।**

**जब परमेश्वरले हामीलाई सृष्टि गर्नुभयो तब हामी सदा सर्वदा जीवित रहन सृष्टि गर्नुभएको थियो। तर पापले गर्दा मानव जाति मर्नुपरेकोले उसको हृदयमा मृत्युको त्रास लुकिरहेको हुन्छ।** मृत्यु आक्रमणकारी हो। त्यसले हामीलाई आक्रमण गर्नको निम्ति हामीहरूको सृष्टि भएको थिएन।

त्यसैकारण जब मानिसहरू कसैको मृत्युमा शोक गर्दथे भने येशूले तिनीहरूप्रति अत्यन्त सहानुभूति देखाउनुहुन्थ्यो। जब एक जना विधवीको मरेको एकमात्र छोरोलाई गाड्न लग्दैथ्यो येशू "उनको निम्ति अत्यन्त दुःखित हुनुभयो र भन्नुभयो "नरुनु।" (लूका ७:१२ रूपान्तरित)। बा्ह वर्षकी छोरी मर्दा एक जना बुबाको हृदय छिया छिया भएको थियो। त्यसबेला उसलाई सान्त्वना दिएर येशूले भन्नुभयो "न डराऊ।केवल विश्वासमात्र गर।" (मर्कूस ५:३६ रूपान्तरित)। जब जब हामीहरूको प्रियजनको मृत्यु हुन्छ तब तब हामीहरूको शोकले उहाँको हृदय छोइरहन्छ। उहाँको दयालु हृदय हामीहरूसँगै रोइरहेको हुन्छ।

तर येशू दुःखितमात्र हुनुभएन। (मानिस मर्नैपर्छ त्यसकारण जन्मनु उचित छैन भनेर उहाँले प्रवचन दिनुभएन)। आफ्नै मृत्यु र पुनरुत्थानले मृत्युलाई उहाँले जित्नुभएको थियो। त्यसकारण मृत्युको साँचो उहाँको हातमा छ। उहाँलाई विश्वास गर्ने प्रत्येक मानिसलाई पुनरुत्थान गरेर अनन्त जीवन दिने वाचा उहाँले गर्नुभएको छ। धर्मशास्त्र बाइबलमा हामीलाई दिइएको सबभन्दा महान् प्रतिज्ञा नै त्यो

हो। यदि मृत्यु नै मानिसको अन्तिम लक्ष्य हो भने सारा संसारमा जन्मेको मानिसको औचित्य के छ र? हामीहरूले गर्ने सबै कामको अर्थ के छ र? यस संसारमा जन्मनु र काम गर्नु बेकारको हुनेछ। तर परमेश्वरलाई धन्यवाद होस्, मृत्युलाई ल्याउने शैतान होइन तर हाम्रो जीवनको लक्ष्यको अन्तिम वचन येशूमा छ!

## १ मानिस मरेपछि वर्तमान समयमा उसको अवस्था (यूहन्ना ११:११)

मानिसको आत्मा वा प्राण शरीरबाट बाहिर रहन्दैन भनेर पुरानो करार अर्थात् येशू आउनुभन्दा अघि लेखिएको धर्मशास्त्र बाइबलका लेखकहरूले सधैं विश्वास गर्दथे। हिब्रू भाषामा भौतिक शरीर, प्राण र आत्मा भनेर अनुवाद गर्दा मानिसको समग्रतालाई जनाउन गरिन्छ। विभिन्न रीतले मानिसलाई वाख्या गर्न ती तिन शब्दहरू प्रयोग गरिन्छ। त्यही तर्कसम्मतमा बसेर मृत्युलाई वाख्या गर्दा विभिन्न शब्दचित्रहरू प्रयोग गरिन्छ। तीमध्ये मृत्युलाई निन्द्राको रूपमा बाइबलमा लिएको प्रचिलित छ। मानिस मरेपछि सुतेको हुन्छ भनेर बाइबलले सिकाएको त्यो शिक्षा परिपक्वको रूपमा लिइन्छ (उदाहरणमा पढ्नुहोस्: अय्यूब ३:११-१३, १४:१२, भजन १३:३, यर्मिया ५१:३९ र दानिएल १२:२)। मानिसको सम्पुर्ण जीवनतत्व मृत्युमा अन्त भएको हुन्छ। मानिस मरेपछि त्यसको विचार, भावना, कामहरू र कुनै किसिमका सम्बन्धहरूको अस्तित्व समाप्त हुन्छ। मरेको मानिस शून्यतामा बिलाएर जान्छ। मानिस मर्दा ऊ फुस्स हुन्छ (उपदेशक ९:५,६, १०, भजन ११५:१७, १४६:४)।

तर येशू आउनुभएको समयमा बाइबल धर्मशास्त्र नमान्ने वा सनातन परमेश्वरलाई विश्वास नगर्ने अरू धर्मका मानिसहरूले मृत्युको बारेमा चुनौतीपूर्ण धारणाहरू फैलाएका थिए। मानिस अमर छ वा मानिसको आत्मा अमर छ भनेर मूर्तिपूजकहरूले सिकाएका धारणा त्यसबेलाका विश्वमा द्रुतगतिमा फैलिएको थियो।

**येशूको अत्यन्त प्यारो मित्रको मृत्यु भएको थियो। त्यसबेला त्यस मृत्युलाई वाख्या गर्न येशूले कसरी सम्बोधन गर्नुभएको थियो भनेर यूहन्ना ११:११मा यसरी बताउँछः “११ त्यसपछि उहाँले तिनीहरूलाई**

**भन्नुभयो, "हाम्रा मित्र लाजरस निद्रामा परेका छन्, तर तिनलाई निद्राबाट बिउँझाउन म त्यहाँ जान्छु।"**

मानिस मरेपछि उसको आत्मा सधैं जीवित भएर बस्छ भनेर येशूले विश्वास गर्नुहुन्थ्यो भन्ने तर्क प्रायजसो सबै इसाईहरूले गर्दछन्। तिनीहरूले क्रुसमा मरेको अपराधीलाई दिएको येशूको वचनलाई तेर्स्याउँछन्। तिनीहरूले त्यस वचनलाई यसरी पढ्छन्: "म तिमीलाई वचन दिन्छु, आजै तिमी मसँग स्वर्गमा हुनेछौ।"" (लूका २३:४३ रूपान्तरित)। अर्धबिराम कहाँ राखिन्छ त्यसमा त्यस वचनको अर्थ अत्यन्त फरक हुनसक्छ। (सबभन्दा पुरानो ग्रीक वा यूनानी भाषामा लेखिएका नयाँ करारका हस्तलेखहरूमा बिराम चिन्हहरू थिएनन्)। यदि "आज"को पछि अर्धबिराम राखियो भने भविष्यमा येशूले दिनुहुने मुक्तिको वाचालाई जनाउँछ। त्यही दिनमा त्यस अपराधी स्वर्गमा पस्छन् भनेको होइन। (प्रायजसो क्रुसमा टाँगिएको अपराधी एक दिनमा नमरि केही दिन लगाएर मरेको हुन्छ)। येशूले उसलाई मुक्तिको कबूल गर्नुभएको थियो तर कहिले ऊ स्वर्गमा पस्छ भनेर होइन। बाइबलले यसलाई पूर्ण समर्थन गर्दछ। त्यस अपराधीले मरेपछि स्वर्गमा तुरन्त जाने पाउने अनुरोध गरेको पनि त होइन नी। तर प्रभु उहाँको राज्यमा आउँदा उसलाई सम्झियोस् भनेर पो उहाँसँग बिन्ति गरिएको थियो। अझै स्पष्ट रूपमा भन्नुपर्दा येशू मर्नुभएर तेस्रो दिनमा बौरी उठेको बिहानसम्म आफू स्वर्गमा गएको छैन भनेर मेरीलाई भन्नुभएको थियो (यूहन्ना २०:१७)। त्यसकारण मानिस वा मानिसको आत्मा मानिस मरेपछि स्वर्गमा जान्छ भनेर उपरोक्त पदले सिकाएको पाइन्दैन।

**मानिस मरेपछि केही पनि थाहा हुन्दैन त्यो केवल सुतेको हो भनेर हामीलाई थाहा पाउँदा पाउँदै पनि हामीले सिकाउने पुनरुत्थान अत्यन्त महत्त्वपूर्ण छ भनेर किन जिकिर गर्छौं?**

## २ पुनरुत्थानको आशा (यूहन्ना १:१-४)

आदिमानव सृष्टि हुँदा यसरी वर्णन गरिएको छ "परमेश्वरले मानिसको आकार बनाउनुभयो। उहाँले जमिनको माटो लिएर मानिसको आकार बनाउनुभयो। त्यसपछि उहाँले उसको नाकमा जीवनको सास फुकि दिनुभयो। अनि त्यो मानिस जीवित व्यक्ति भयो।" (उत्पत्ति २:७

रूपान्तरित)। जब सम्म परमेश्वरले त्यो सास मानिसहरूमा राखिरहनुहुन्छ तबसम्म ती मानिसहरू जीवितै रहन्छन्। जब उहाँले त्यो सास झिक्नुहुन्छ तब ती मानिसहरू मर्दछन् र फेरि तिनीहरू माटै भएर जान्छन् (भजन १०४:२९, उपदेशक १२:७)। मानिसहरू त्यस स्थितिमा पुऱ्याउने परमेश्वरको निर्णय थिएन। तर पापले गर्दा त्यो स्थितिको सृजना भयो। तर शुभसमाचार त यो छ कि हामी मरेपनि ख्रीष्टमा जिउने आशा लिएर निन्द्रामा परेका हुन्छौं। (चिर निन्द्रा त होइन नी। चिर निन्द्रा भनेको कहिलै नबिउँझने निन्द्रा हो)।

**मरेकोलाई बिउँताउने येशूमा तागत छ भनेर यूहन्ना १:१-४मा कसरी आभास दिन्छ पढ्नुहोस्: "आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो। २ उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो। ३ सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन। ४ उहाँमा जीवन थियो, र त्यो जीवन मानिसहरूको ज्योति थियो।"**

ख्रीष्ट आफैमा जीवन छ। त्यो किनभने उहाँ जीवन हुनुहुन्छ (यूहन्ना १४:६)। उहाँले सबै थोक सृष्टि गर्नुभयो। जसजसलाई जीवन दिन चाहनुहुन्छ त्यसलाई जीवन दिन उहाँमा शक्ति छ (यूहन्ना ५:२१)। त्यसैकारण उहाँले मरेकोलाई पनि बिउँताउन सक्नुहुन्छ।

**पुनरुत्थान कसरी हुन्छ? हेर्नुहोस् लूका ८:५४, ५५ "तर उहाँले त्यसको हात समातेर यसो भनेर बोलाउनुभयो, "नानी, उठ।" ५५ अनि त्यसको प्राण फर्केर आयो, र त्यो तुरुन्तै उठी, र उहाँले त्यसलाई केही खान दिनू भन्ने आज्ञा गर्नुभयो।"**

पुनरुत्थान भनेको मृत्युको ठिक उल्टो हो भनेर बाइबलले बताउँदछ। जब परमेश्वरबाट जीवनको सास फर्केर आउँछ तब त्यो मानिस पुनर्जीवित हुन्छ। लूकाले याइरसको छोरीलाई येशूले कसरी बिउँताउनुभयो भनेर त्यसरी नै वाख्या गर्दछन्। जब १२ वर्षको नानी मरेकी छिन् भनेर थाहा पाउनु हुन्छ तब येशू यहूदी शभाघरको अध्यक्ष्य याइरसको घरमा जानुहुन्छ। त्यहाँ रुवावासी गर्नेहरूको झुण्डलाई उहाँले भन्नुहुन्छ "त्यो केटी मरेकी छैन तर सुतेकी छिन्।"। तर तिनीहरू सबै हलल हाँस्दछन्। तब उहाँले "त्यस बालिकाको हातलाई समात्नुहुन्छ र भन्नुहुन्छ, "सानी नानी उठ।"। तब उनमा सास आयो

र तुरन्तै उठि्छन्।" (लूका ८:५४,५५ रूपान्तरित)। येशूको दैविक आज्ञाले त्यस बालिकाबाट परमेश्वरले निकाली दिनुभएको जीवनको सास अर्थात् जीवनलाई चाहिने तत्व फर्केर त्यस बालिकामा आउँछ। लूकाले प्रयोग गरेका सासलाई नुमा (pneuma) हो। त्यसको अर्थ "सास", "हावा" वा "आत्मा" हो। जब बाइबलले त्यो शब्द प्रयोग गर्छ त्यसको अर्थ मानिसको शरीरभन्दा बाहिर वा अलग रहिरहेको वा घुमिरहेको आत्मा भनेर कहिलै पनि जनाउँदैन।उपरोक्त पदमा जीवनको सास त्यस बालिकामा आएको थियो भनेर स्पष्ट रूपमा देखाउँदछ।

**मृत्यु यस्तो साधारण भइसकेको छ कि त्यो तथ्यको रूपमा सजिलैसँग हामी लिन्छौं। तर अहिले मृत्यु विजयी भइरहेको देखिएतापनि परमेश्वरले हामीलाई दिनुहुने अनन्त जीवनको प्रतिज्ञाहरूलाई कसरी आत्मसात् गर्ने?**

## ३ पुनरुत्थान, धर्मी र अधर्मी छुट्याउने न्यायिक फैसला (यूहन्ना ५:२८,२९)

अहिलेसम्म अध्ययन गरेकोमा यदि हामीले झट्ट हेर्दा पुनरुत्थान भनेको केवल केही मानिसहरूको निम्ति मात्र हो भन्ने आभास दिन सक्छ। तर जब येशू आउनुहुन्छ तब त्यसबेला के हुनेछ भनेर उहाँले वचन दिनुभएको छ "चिहानमा हुने सबैले उनको स्वर सुन्नेछन् र त्यहाँबाट जागेर आउनेछन्" (यूहन्ना ५:२८,२९ रूपान्तरित)। "सबै" भन्ने शब्दले कसैलाई पनि छुटाएको देखिन्दैन। चिहान वा मृत्युबाट पुनरुत्थान हुनेहरूमा येशूलाई विश्वास गर्नेहरू र उहाँलाई विश्वास नगर्नेहरू, धर्मी वा शुद्ध जीवन बिताउन चाहनेहरू र पापी तथा दुष्ट मार्ग रोज्नेहरू, मुक्ति पाएकाहरू र नपाएकाहरू आदि यस संसारमा जन्मेर मरेका सबै जना पर्दछन्। पावलले यसरी ठोकुवा गर्दछन् "मरेकाहरू बिउँतिने छन्। तिनीहरूमा न्यायी अर्थात् असल र अन्यायी अर्थात् खराब दुवै हुनेछन्" (प्रेरित २४:१५)।

**पृथ्वीले निलेका सबै मरेकाहरूको पुनरुत्थान हुनेछन्। सदासर्वदा तिनीहरूको अन्त्य दुईमा एक हुनेछ। त्यो के हुन् भनेर यूहन्ना ५:२८,२९ले यसरी बताउँछ "यसमा अचम्म नमान, किनभने समय आइरहेछ, जब चिहानमा हुनेहरू सबैले उनको सोर सुन्नेछन्, २९ र**

**बाहिर निस्किआउनेछन्: सुकर्म गर्नेहरू जीवनको पुनरुत्थानको निम्ति, र कुकर्म गर्नेहरूचाहिँ दण्डाज्ञाको पुनरुत्थानको निम्ति।"**

यस संसारमा मरेकाहरू सबै जना बौरि उठ्नेछन्। तर प्रचलित धारणा अनुसार सबै जनाको अन्त्य आनन्द र सुखमय अनन्त जीवनमा हुनेछ भन्नेछैन। "अनगिन्ती मानिसहरू जो चिहानमा छन् तिनीहरू बिउँझिनेछन्। तिनीहरूमा कोही कहिलै पनि अन्त नहुने अनन्त जीवनको निम्ति पुनरुत्थान हुनेछ छ भने अरू कहिलै अन्त नहुने शर्ममा पर्न पुनरुत्थान हुनेछ।" (दानिएल १२:२ रूपान्तरित)।

यस संसारमा जन्मेका प्रत्येक मानिसको न्याय हुनेछ भनेर बाइबलले सिकाउँदछ। कुन मानिसले अजम्मरी जीवन पाउँछ र कुन मानिस आगोको ज्वालामा निम्ति नष्ट हुनेछ भनेर उहाँले नै निर्णायक फैसला गर्नुहुनेछ (उपदेशक १२:१४, रोमी २:१-११)। तर एउटा कुराको अत्यन्त ख्याल राख्नुपर्दछ। मानिस मर्नेबितिकै त्यसको भविष्य तत्कालै निर्धारण हुन्छ भनेर बाइबलले तोक्दैन। कतिपय इसाई र अरू धर्मालम्बीहरूले मानिस मरेपछि अहिले नै स्वर्ग वा नर्कमा जान्छ भनेर सिकाउँदछन्। तर त्यो बाइबल सम्मत छैन। तर मानिस स्वर्गमा वा अनन्तको मृत्युमा जाने निर्धारण केवल उसको पुनरुत्थानपछि मात्र हुनेछ। त्यस समय नआउञ्जेल चाहे मुक्ति पाएकाहरू होस् चाहे मुक्ति नपाएकाहरू होस्, मर्नेहरू सबै जना माटोमा मिलेर सुतिरहेका हुन्छन्। पुनरुत्थान आफै इनाम वा सजायँ होइन। तर परमेश्वरको राज्यमा रहने वा यस संसारमा दुष्ट जीवनमा रमाइलो मानेर बस्दा अनन्तको मृत्यु रोज्ने- त्यो आत्मनिर्णय गर्ने अधिकार प्रत्येक मानिसलाई परमेश्वरले नै दिनुभएको छ।

दुई खालका मानिसहरूको पुनरुत्थानको मामिलालाई लिएर येशूले यसरी स्पष्ट पार्नुभएको छ कि हामीहरूको भविष्यको निर्धारण हामीले नै गर्छौं। हामीहरूको असल वा खराब कामले हामीहरूको भविष्यलाई हामीले नै चुनेका हुन्छौं। तर त्यसको अर्थ यो होइन कि हामीहरूको असल कामले हामीलाई मुक्ति वा मोक्ष दिन्छ। हामीहरूको मुक्ति उहाँलाई हामीहरूको मुक्तिदाता हुन् भनेर विश्वास मात्र गरेर पाइन्छ भनेर येशूले स्पष्टरूपमा सिकाउनुभएको छ (यूहन्ना ३:१६)। तर हामीहरूको मुक्तिको सरोकार असल कामसँग किन छ त? तर

हामीहरूको कामले हामीहरू ख्रीष्टमा विश्वास राखेर चलेका छौं कि छैनौं र हामीहरूले उहाँमा बिताएको समर्पित जीवन सत्य हो कि ढोंगीमा हो भनेर देखाउँदछ (याकूब २:१८)। हामीहरूकै कामले हामीहरू अझै पापले गर्दा मुर्दा भएर बसेका छौं कि (एफिसी २:१ रूपान्तरित) वा पापलाई मुर्दासरी गराएर ख्रीष्ट येशूद्वारा परमेश्वरमा जीवित भएर बसेका छौं (रोमी ६:११ रूपान्तरित) भनेर देखाउँदछ।

**हामीहरू प्रत्येकको निम्ति पर्खिरहेको भविष्यको बारेमा सोचौं। के हामीहरूको बीचमा कुनै यस्तो तगारो छ जसले अनन्त जीवन नपाउन खडा भइरहेको छ? त्यसलाई हटाउन हामी किन कोशिष नगर्ने? आखिरमा अनन्त जीवनभन्दा बहुमूल्य अरू केही छ त?**

## ४ नर्कको बारेमा येशूको धारणा के छ? (लूका १६:१९-३१)

दुष्टहरूको अनन्तको मृत्यु र दण्डको बारेमा व्याख्या गर्दा येशूले दुई प्रचलित ग्रीक अर्थात् युनानी शब्दहरू प्रयोग गर्नुभएको थियो। ती शब्दहरूमा हेडस् (hades) र गेहेना (gehenna) हुन्। नर्कको बारेमा मानिसहरूलाई विभिन्न धारणाहरू छन्। ती धारणाहरूमा बाइबलको धारणा कस्तो छ भनेर स्पष्ट रूपमा थाहा पाउनु जरुरी छ।

हेडस् भन्ने शब्द हिब्रू भाषामा शियोल (she'ol) भन्ने अर्थ जनाउँछ। पुरानो करारमा शियोल भन्ने शब्दको अर्थ मरेकाहरूको घर हो। ती दुवै हेडस् र शियोलको साधारण अर्थ चिहान हो। मानिस मरेपछि जाने चिहानमा इनाम र दण्डको बारेमा केही पनि मतलब छैन। तर एउटा यस्तो पद छ जसले हेडसको अर्थ सजायँसँग जोडिएको पाउँछौं। त्यो हो धनी मानिस र लाजरसको बारेमा येशूले भन्नुभएको अर्तीकथामा।

**लूका १६:१९-३१ हेरौं। त्यस कथामा येशूले भन्नु खोज्नुभएको आधारभूत सत्य के हो? स्वर्ग र नरकलाई वाख्या गर्ने त्यो कथालाई सत्यको रूपमा लिँदा के गलत सावित हुन सक्छ (विशेष गरेर २७-३१ पदहरू)? हेर्नुहोस् "१९ "एक जना धनी मानिस थियो, जो बहुमूल्य वस्त्र र मिहीन मलमल लगाएर दिनहुँ मोजमज्जामा बस्तथ्यो। २० उसको ढोकामा लाजरस नाउँको एक जना गरीब मानिसलाई ल्याएर राखिदिन्थे। त्यो घावैघाउले भरिएको थियो। २१ त्यस धनी मानिसको टेबिलबाट झरेका टुक्राटाक्री खाएर लाजरसले आफ्नो पेट भर्ने इच्छा गर्थ्यो।**

कुकुरहरूले पनि आएर त्यसका घाउहरू चाट्थे। २२ "त्यो गरीब मानिस मऱ्यो, र स्वर्गदूतहरूले त्यसलाई लगेर अब्राहामको साथमा राखे। त्यो धनी मानिस पनि मऱ्यो र गाडियो। २३ नरकमा कठोर कष्ट भोगिरहेको बेला उसले नजर उठाएर हेऱ्यो र टाढ़ामा अब्राहाम र उनको साथमा लाजरसलाई देख्यो। २४ अनि उसले कराएर भन्यो, 'हे पिता अब्राहाम, ममाथि दया गरेर लाजरसलाई पठाइदिनुहोस्, र त्यसले आफ्नो औंलाको टुप्पा पानीमा चोपेर मेरो जिब्रोलाई शीतल पारिदेओस्, किनकि म यस ज्वालामा भयङ्कर वेदना पाइरहेछु।' २५ "तर अब्राहामले भने, 'छोरो, याद गर, तैंले आफ्नो जीवनकालमा असलअसल कुराहरू भोग गरिस्, र त्यसै गरी लाजरसले दुःखैदुःख भोग्यो। त्यो अब यहाँ आराममा छ, र तँचाहिँ कष्टमा छस्। २६ यी सबै कुराबाहेक यहाँबाट तँकहाँ पारि जान खोज्नेहरू जान नसकून् र त्यहाँबाट यहाँ हामीकहाँ वारि आउन पनि नसकून् भनेर हामीहरू र तिमीहरूका बीचमा एउटा अति गहिरो धाँदो छ।' २७ "उसले भन्यो, 'पिता, यसैकारण म तपाईंलाई बिन्ती गर्दछु, तपाईंले त्यसलाई मेरा बाबुको घरमा पठाइदिनुहोस्, २८ किनभने मेरा पाँच भाइ छन्, र त्यसले तिनीहरूलाई चेताउनी देओस्, नत्रता तिनीहरू पनि यस कष्टको ठाउँमा आउलान्।' २९ "तर अब्राहामले भने, 'तिनीहरूका साथमा मोशा र अगमवक्ताहरूका पुस्तक छन्। तिनीहरूले ती सुनून्।' ३० "तर उसले भन्यो, 'होइन, पिता अब्राहाम, मरेकाबाट कोही एक जना तिनीहरूकहाँ गयो भनेता तिनीहरूले पश्चात्ताप गर्नेछन्।' ३१ "उनले उसलाई भने, 'मोशा र अगमवक्ताहरूका कुरा तिनीहरूले सुन्दैनन् भने, मृतकहरूबाट कोही जीवित भए पनि तिनीहरूले विश्वास गर्नेछैनन्'।"

मानिस मरेपछि उसको अवस्था कस्तो हुन्छ भनेर त्यस अर्तीकथामा छलफल गरिएको छैन। तर येशूको समयमा नर्कको बारेमा प्रचलित र गलत धारणाले गर्दा त्यो कथा सत्यको रूपमा लिएको पाइन्छ। त्यस कथामा अत्यन्त महत्त्वपूर्ण पाठ सिकाइन्छ। हामीहरूको भविष्य हामीले यहाँ दिनदिनै गर्ने निर्णयहरूमा भरपर्छ भन्ने पाठ यस कथाले सिकाउँदछ। यदि यस संसारमा हामीले पाएको परमेश्वरको आत्मज्ञान वा ज्योतिलाई अस्वीकार गऱ्यौं भने मरेपछि हामीहरूले कुनै पुःन अवसर पाउनेछैनौं भनेर त्यस कथाले हामीलाई

खुलासा गरेको पाउँछौं। यदि त्यस कथाको मर्मलाई नबुझेर प्रत्यक शब्दलाई व्याख्या गरेर नर्क र स्वर्गको बारेमा निश्कर्ष निकाल्यौं भने त्यसमा धेरै समस्याहरू भएको पाउँछौं। कथालाई हेर्दा अनौठो त लाग्छ नै। तर त्यस कथामा येशूले प्रयोग गर्नुभएको वचनहरू यथार्थको रूपमा नलिइकन केवल शाङ्केतिक वा शब्द चित्रको रूपमा लेओस् भन्ने उहाँको चाहना भएको देखिन्छ। त्यो कथा केवल दृष्टान्त वा अर्ती दिने कथाको रूपमा हामीले लिनुपर्दछ।

**नरकको बारेमा येशूले के चेतावनीहरू दिनुभएको थियो? हेर्नुहोस् यी पदहरू: मत्ती ५:२२,२९,३० "२२ तर म तिमीहरूलाई भन्दछु, जो कोही आफ्नो भाइसँग क्रोध गर्दछ त्यो दण्डको योग्य हुनेछ, र जसले आफ्नो भाइको अपमान गर्दछ, त्यो महासभामा जवाफदेही हुनेछ। तर जसले आफ्नो भाइलाई 'तँ मूर्ख' भन्छ, त्यो नरकको आगोमा पर्ने जोखिममा हुनेछ।...२९ यदि तिम्रो दाहिने आँखाले तिमीलाई पाप गर्न लाउँछ भने त्यसलाई निकालेर फालिदेऊ, किनभने तिम्रो सम्पूर्ण शरीर नरकमा फालिनुभन्दा बरु तिम्रा अङ्गहरूमध्ये एउटा गुमाउनु तिम्रो निम्ति हितकारी हुन्छ। ३० तिम्रो दाहिने हातले तिमीलाई पाप गर्न लाउँछ भने त्यसलाई काटेर फालिदेऊ। किनभने तिम्रो सम्पूर्ण शरीर नरकमा जानुभन्दा बरु तिम्रा अङ्गहरूमध्ये एउटा गुमाउनु तिम्रो निम्ति हितकारी हुन्छ।" र मत्ती २३:३३ "सर्पहरू, साँभे सर्पका बच्चा हो, तिमीहरू नरकको दण्डदेखि कसरी उम्कनेछौ?"**

नर्क भन्ने शब्द येशूको मुखबाट ११ पल्ट निस्केको धेरै बाइबल अनुवादहरूमा दिइएको छ। तर उहाँले खास गरेर ग्रीक भाषाको गेहेना शब्द प्रयोग गर्नुभएको थियो। त्यो हिब्रू भाषाको अप्रभंश गे हिनम (Ge Hinnom) अर्थात् "हिनमको उपत्यका"लाई जनाएको थियो। पुरानो करार अनुसार त्यो ठाउँ यरुशलेमको दक्षिणतर्फ पर्दछ। त्यहाँ राजा आहज र मनस्सेले त्यहाँको स्थानीय देवता मोलेकलाई बच्चाहरूलाई नरबलीको रूपमा जिउँदै जलाइन्थ्यो (२ इतिहास २८:३, ३३:६)। पछि धर्मपरायण यहोसिया राजाले बालकलाई बलि चढाउने काम रोकेका थिए (२ राजा २३:१०)। ती इस्राएलीहरूले नरबली चढाउने जस्तो जघन्य पाप गरेको कारणले त्यो ठाउँलाई परमेश्वरले "हत्याको उपत्यका" बनाउनुहुनेछ भनेर यर्मियाले भविष्यवाणी गरेका

थिए (यर्मिया १९:६)। त्यसकारण यहूदीहरूको निम्ति त्यो उपत्यका परमेश्वरले गर्नुहुने अन्तिम न्याय र सजायँको प्रतिकको रूपमा खडा भएको थियो। दण्ड दिने समय र स्थान नतोकि दुष्टहरूले पाउने अन्तिम न्यायिक फैसलाको बारेमा येशूले शब्द-चित्रको रूपमा त्यो गेहिना शब्द प्रयोग गर्नुभएको थियो। त्यस दुई विस्तृत वाख्यालाई बाइबलका अरू पदहरूले पनि दिएको पाइन्छ। तर प्रचलित विश्वास अनुसार नर्क भनेको अनन्तसम्म कष्ट पाइरहने स्थान होइन। (यदि कोही दुष्ट मानिस अनन्तसम्म कष्ट पाइरहन्छ भने त्यसले कहिलै नमर्ने जीवन पाइरहेको आभास दिन्छ तर त्यो जीवन कष्टको जीवन हुन्छ। केवल येशूमामात्र अनन्त जीवन छ भनेपछि कष्टपूर्वक भएपति अनन्तसम्म जिइरहने धारणा इसाईहरूले पनि कहाँबाट ल्यायो?- अनुवादकको जिज्ञासा)।

## ५ येशूले मृत्युको शक्तिलाई जित्नुहुन्छ (यूहन्ना ११:३८-४४) 12:5

यस संसारमा येशूले गर्नुभएको सेवाकार्यमा लाजरसको पुनरुत्थान अरू भन्दा किन अत्यन्त उल्लेखनीय आश्चर्य वा शिर्षष्ठ काम भएको थियो? हेर्नुहोस् यूहन्ना ११:१-४४ “लाजरस नामको एक जना मानिस बिरामी भएका थिए। तिनी मरियम र उनकी दिदी मार्थाको गाउँ बेथानियाका थिए। २ प्रभुलाई अत्तर लाइदिएर उहाँका पाउ आफ्नो कपालले पुछिदिने मरियम यी नै थिइन्। यिनकै भाइ लाजरस बिरामी थिए। ३ यी दुई दिदीहरूले येशूकहाँ यसो भनी समाचार पठाए, “प्रभु, जसलाई तपाईं माया गर्नुहुन्छ, तिनी बिरामी छन्।” ४ तर यो सुनेर येशूले भन्नुभयो, “यस बिरामीले मृत्युमा पुऱ्याउँदैन, तर यो परमेश्वरको महिमाको निम्ति हो, ताकि यसद्वारा परमेश्वरका पुत्रको महिमा होस्।” ५ येशूले मार्था, तिनकी बहिनी र लाजरसलाई माया गर्नुहुन्थ्यो, ६ तापनि लाजरस बिरामी छन् भन्ने सुनेर उहाँ जहाँ हुनुहुन्थ्यो, अझ दुई दिन त्यहीं बस्नुभयो। ७ त्यसपछि उहाँले चेलाहरूलाई भन्नुभयो, “लौ, अब हामी फेरि यहूदिया फर्केर जाऔं।” ८ चेलाहरूले उहाँलाई भने, “रब्बी, भर्खरै मात्र यहूदीहरूले तपाईंलाई ढुङ्गाले हान्न खोजेथे, र के फेरि तपाईं त्यहीं जानुहुन्छ?” ९ येशूले जवाफ दिनुभयो, “के दिनमा बाह्र घण्टा हुँदैनन् र? दिनमा हिँड्डुल गर्नेलाई ठेस लाग्दैन, किनभने तिनले यस संसारको ज्योति

देख्तछन्, १० तर राती हिँड्डुल गर्नेलाई ठेस लाग्छ, किनभने त्यस मान्छेमा उज्यालो हुँदैन।" ११ त्यसपछि उहाँले तिनीहरूलाई भन्नुभयो, "हाम्रा मित्र लाजरस निद्रामा परेका छन्, तर तिनलाई निद्राबाट बिउँझाउन म त्यहाँ जान्छु।" १२ चेलाहरूले उहाँलाई भने, "प्रभु, तिनी निद्रामा परेका छन् भने तिनी निको हुनेछन्।" १३ येशूले तिनको मृत्युको विषयमा भन्नुभएको थियो, तर तिनीहरूले चाहिँ स्वाभाविक निद्राको विषयमा भन्नुभएको हो भन्ठाने। १४ येशूले तिनीहरूलाई स्पष्ट भनिदिनुभयो, "लाजरस मरेका छन्। १५ तिमीहरूले विश्वास गर भनेर तिमीहरूका खातिर म त्यहाँ नभएकोमा खुशी छु। जे भए तापनि हामी तिनीकहाँ जाऔं।" १६ तब दिदुमस भनिने थोमाले आफ्ना सङ्गी-चेलाहरूलाई भने, "लौ, हामी पनि जाऔं, र उहाँसँगै मरौं।" १७ जब येशू आइपुग्नुभयो, तब लाजरसलाई चिहानमा राखेको चार दिन भइसकेको थाहा पाउनुभयो ।१८ बेथानिया यरूशलेमदेखि नजिकै प्रायः तीन किलोमिटरको दूरीमा थियो।

१९ धेरै यहूदीहरू मार्था र मरियमकहाँ तिनका भाइको विषयमा तिनीहरूलाई सान्त्वना दिन आएका थिए।२० येशू आइरहनुभएको छ भन्ने सुनेर मार्था गइन् र उहाँलाई भेटिन्। तर मरियम घरैमा बसिरहिन्। २१ तब मार्थाले येशूलाई भनिन्, "प्रभु, तपाईं यहाँ हुनुहुँदो हो त मेरो भाइ मर्नेथिएन।२२ तर अब पनि म जान्दछु, तपाईंले परमेश्वरसँग जे माग्नुहुन्छ, परमेश्वरले तपाईंलाई दिनुहुनेछ।" २३ येशूले तिनलाई भन्नुभयो, "तिम्रो भाइ फेरि जीवित हुनेछ।" २४ मार्थाले उहाँलाई भनिन्, "म जान्दछु, कि त्यो अन्त्यका दिनको पुनरुत्थानमा फेरि जीवित भई उठ्नेछ।" २५ येशूले तिनलाई भन्नुभयो, "पुनरुत्थान र जीवन म नै हुँ। मलाई विश्वास गर्ने मऱ्यो भने पनि जीवित हुनेछ।२६ अनि जिउने र ममाथि विश्वास गर्ने प्रत्येक कहिल्यै मर्नेछैन। के तिमी यो विश्वास गर्छ्यौ?" २७ तिनले उहाँलाई भनिन्, "हो प्रभु, म विश्वास गर्दछु, तपाईं संसारमा आउनुहुने ख्रीष्ट, परमेश्वरका पुत्र हुनुहुन्छ।" २८ यति भनेर तिनी गइहालिन्, र आफ्नी बहिनी मरियमलाई बोलाएर सुटुक्क भनिन्, "गुरुज्यू आइपुग्नुभयो, र तिमीलाई बोलाउँदैहुनुहुन्छ।" २९ यो सुनेर मरियम झट्टै उठेर उहाँकहाँ गइन्। ३० त्यस बेलासम्म येशू गाउँमा आइपुग्नुभएको थिएन, तर उहाँ त्यही ठाउँमा हुनुहुन्थ्यो जहाँ

मार्थाले उहाँलाई भेटेकी थिइन्। ३१ घरमा तिनलाई सान्त्वना दिन आएका यहूदीहरूले मरियम झट्टै उठेर बाहिर गएकी देखेर, तिनी त्यो चिहानमा रुन गएकी हुन् भन्ठानेर, तिनको पछि लागे। ३२ जब मरियम येशू हुनुभएको ठाउँमा आइन् र उहाँलाई देखिन्, तब यसो भन्दै तिनी उहाँका पाउमा परिन्, "हे प्रभु, तपाईं यहाँ हुनुहुँदो हो त मेरो भाइ मर्नेथिएन।"

३३ जब येशूले तिनलाई रोइरहेकी र तिनीसँग आउने यहूदीहरू पनि रोइरहेका देख्नुभयो, तब उहाँ आत्मामा ज्यादै व्याकुल हुनुभयो अनि अति दुःखित हुनुभयो। ३४ उहाँले तिनीहरूलाई सोध्नुभयो, "तिमीहरूले तिनलाई कहाँ राखेका छौ?" तिनीहरूले उहाँलाई भने, "प्रभु, आएर हेर्नुहोस्।" ३५ येशू रुनुभयो। ३६ यसकारण यहूदीहरूले भने, "हेर, उहाँले तिनलाई कति माया गर्नुहुन्थ्यो।" ३७ तर कुनै-कुनैले भने, "के अन्धाका आँखा खोलिदिने यिनले यस मानिसलाई पनि मर्नदेखि बचाउन सक्नेथिएनन् र?" ३८ तब येशू फेरि ज्यादै व्याकुल भएर चिहानमा जानुभयो। यो चिहान एउटा ओढ़ारमा थियो। त्यसको मुख एउटा ढुङ्गोले ढाकेको थियो।

यूहन्ना ११:३९ येशूले भन्नुभयो, "ढुङ्गो हटाओ।" मृत मानिसको दिदी मार्थाले उहाँलाई भनिन्, "हे प्रभु, यस बेलासम्म त त्यो गन्हाउन लागिसक्यो होला, किनकि त्यो मरेको चार दिन भइसक्यो।" ४० येशूले तिनलाई भन्नुभयो, "के मैले तिमीलाई भनेको होइनँ, 'तिमीले विश्वास गर्‍यौ भने परमेश्वरको महिमा देख्नेछौ'?" ४१ तिनीहरूले ढुङ्गो हटाए। अनि येशूले मास्तिर नजर उठाएर भन्नुभयो, "हे पिता, म तपाईंलाई धन्यवाद दिन्छु, किनकि तपाईंले मेरो बिन्ती सुन्नुभयो। ४२ मलाई थाहा छ, कि तपाईंले मेरो बिन्ती सधैं सुन्नुहुन्छ। तर यहाँ उभिएका भीड़को खातिर मैले यो भनेको हुँ, ताकि तपाईंले मलाई पठाउनुभएको हो भनी तिनीहरूले विश्वास गरून्।" ४३ अनि यो कुरा भन्नुभएपछि उहाँ उच्च सोरले कराउनुभयो, "लाजरस, बाहिर निस्की आऊ।" ४४ त्यो मृत मानिस त्यसको हात-खुट्टा पट्टीले बाँधिएकै र अनुहार लुगाले बेह्रिएकैमा बाहिर निस्की आयो। येशूले तिनीहरूलाई भन्नुभयो, "त्यसको बन्धन खोलिदेओ, र त्यसलाई जान देओ।"

येशूले पहिला दुई जनालाई मृत्युबाट बिउँताइसक्नुभएको थियो। तर यो जस्तो गजबको नाटकिए रूपमा गरेको पुनरुत्थान अरू थिएन। लाजरस मरेको चार दिन भइसकेको थियो। मार्था आफैले लाजरसलाई चिहानमा राखेको थियो भनेर येशूलाई सम्झाउनुभएको थियो। तर जुन रूपमा लाजरसको पुनरुत्थान गरियो त्यो दिनदहादै थियो। येशूलाई विश्वास गर्ने र नगने सबै भिडको सामु उहाँले लाजरसलाई विउँताउनुभएको थियो। उहाँमा भएको मानिसलाई पुनरुत्थान गरिने अधिकारको ज्वलन्त उदाहरणको त्यस प्रमाणलाई कसैले पनि आँखा चिम्लन सक्दैनथ्यो।

तर लाजसरको पुनरुत्थानभन्दा येशूको आफ्नै पुनरुत्थान अझ महत्त्वपूर्णको थियो। उहाँमा जीवन भएको हुनाले उहाँले इच्छा गरेकोलाई जीवन दिने वा मरेकोलाई बिउँताउने शक्ति उहाँमा थियो (यूहन्ना ५:२१)। आफ्नै जीवनलाई मृत्युको पासोमा राख्ने र त्यसबाट फेरि उम्काउने शक्ति र अधिकार उहाँमा भएको पाइन्छ (यूहन्ना १०:१७,१८)। उहाँको पुनरुत्थानले त्यो सत्यतालाई असली र प्रभावकारी रूपमा प्रमाणित गर्दछ।

**उहाँको पुनरुत्थान र हामीहरूको पुनरुत्थानको बीचमा के सम्बन्ध छ? हामीहरूको मुक्तिको निम्ति उहाँको पुनरुत्थान किन अपरिहार्य वा नभइनहुने छ? हेर्नुहोस्ः १ कोरन्थी १५:१७-२० "ख्रीष्ट पुनर्जीवित पारिनुभएन भने तिमीहरूको विश्वास व्यर्थ छ, र तिमीहरू अझसम्म आफ्ना पापमा नै छौ।१८ तब त ख्रीष्टमा सुतिगएकाहरू पनि नष्ट भएका छन्। १९ यदि यस जीवनको लागि मात्र ख्रीष्टमा हामीले आशा राखेका हौं भने हामी सबै मानिसहरूभन्दा बढ़ी दयनीय हुन्छौं। २० वास्तवमा ख्रीष्ट मृतकहरूबाट जीवित हुनुभएको छ। सुतिजानेहरूमध्येमा उहाँचाहिँ प्रथम फल हुनुहुन्छ।"**

मृत्युको साङ्लालाई तोड्न सक्ने येशूको शक्तिलाई कसैले पनि प्रश्न गर्ने ठाउँ छैन। चिहानबाट बौरिउठ्नुभएर उहाँमा सुत्नेहरूको प्रथम फल हुनुभएको थियो। उहाँको पुनरुत्थान प्रत्येक विश्वासीको पुनरुत्थानको ग्यारेन्टी अर्थात् जमानत भएको छ। मृत्युको साँचो उहाँको हातमा भएकोले नै (प्रकाश १:१७,१८) पुनरुत्थान कसलाई गरिने कसलाई नगरिने भन्ने निर्णय उहाँमा नै निहित भएको छ।

“विश्वास गर्ने येशूभक्तको निम्ति ख्रीष्ट पुनरुत्थान र जीवन हुनुहुन्छ। पापले गर्दा गुमाएको जीवन हामीहरूको मुक्तिदातामा फर्केको छ। यो किनभने उहाँले चाहनुभएकोलाई उद्धार गरेर जीवन दिने जीवन उहाँ आफैमा छः मानिसलाई दिने अनन्त जीवनको अधिकार र शक्ति उहाँलाई नै दिएको छ। मानव रूप लिएर आफ्नो जीवनलाई हाम्रो निम्ति अर्पण गर्नुभएको अब त्यो जीवन उठाइएर मानिसहरूलाई दिनुहुन्छ।"- द डिजाएर अफ एजेज, पृ. ७८६,७८७बाट रूपान्तरित।

**रूसको राजनैतिक कम्युनिष्ट नेता भ्लाडमिर लेनिनको मृत्युपछि उनको लासलाई बरफमा राखेर जोगाएर राखेको छ। रुसका मानिसहरूले यो विश्वास गर्दछन कि कुनै दिन वैज्ञानिकले उनलाई फेरि जीवित पार्नेछ। तर अहिलेसम्म हेर्दा उनको निम्ति भविष्य त्यति असल देखिन्दैन। मृत्यु यस्तो शक्तिशाली छ कि प्रथम् जीवन सृष्टि गर्ने येशूले मात्र फेरि जीवन फर्काउन सक्छ। यस सत्य आत्मज्ञानले उहाँले प्रतिज्ञा गर्नुभएको हामीलाई फेरि पुनर्जीवित पार्ने अवसरको निम्ति हामीले येशूलाई मात्र किन विश्वास गर्न सिकाउँछ?**

## उपसंहार

**यस अध्यायलाई थप बुझाउने एलेन जी ह्वाइटले लेखेका देहायका सामग्रीहरू पढ्नुहोस्ः द दिजाएर अफ एजेज्, पृ. ५२४-५३६को “लाजरस, कम फोर्थ, र पृ. ७७९-७८७को “द लर्ड हाज रिजन।"**

“परमेश्वरको पुत्रको आवाजले सुतिरहेका सन्तहरू उठ्दछन्। उहाँले तिनीहरूको चिहानतिर हेर्नुहुन्छ। अनि आफ्नो हात स्वर्गतिर उठाएर उहाँ चिच्च्याउनुहुन्छः “हे माटोमा सुतिरहेकाहरू हो, ब्युँझ, ब्युँझ, ब्युँझ र उठ!" सारा पृथ्वीमा मरेकाहरूले उहाँको त्यस स्वर सुन्नेछन् र त्यो स्वर सुन्नेहरू जीवित हुनेछन्.....। मृत्युको झ्यालखानामा परेका परमेश्वरका सन्तहरू तेजस्वीमय अजम्मरी जीवनको सौन्दर्यताको पोशाक पहिरिन्दै चिच्याएर उठ्नेछन् “हे मृत्यु तिम्रो खिल कहाँ छ अब? हे चिहान, तिम्रो विजय खोइ?" १ कोरन्थी १५:५५। अनि जिइरहेका धर्मी जनहरू र पुनरुत्थान भएका सन्तहरू एक हुनेछ। तिनीहरूको विजयको हर्षोउल्लासको स्वरले लामो

समयसम्म स्वर्ग गुज्जायमान हुनेछ।" –एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ ६४४बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. मृत्युको यथार्थता, अर्थहिनता र जीवनको अन्तिम लक्ष्यको धारणासँग हामी सबै जना संघर्ष गरेका छौं। परमेश्वर हुनुहुन्न, अजम्मरी जीवनको कुनै औचित्य छैन, केको लागि पुनरुत्थान हुने जस्ता तर्कहरूलाई धेरैले विश्वास गरेका छन्। यदि ती तिनै तत्वहरू मानव जीवनमा छैन भने मानव जीवनको औचित्य के छ? ढिलो वा चाँडो यस संसारमा जन्मिएका सबै जना मर्नेछन् र तिनीहरूको प्रत्येक सम्झना सदाको लागि बिलाएर जानेछन् भन्ने धारणाहरूले मानव जीवनको अर्थहिनतालाई पुष्टि गर्न खोजेको पाइन्छ। यस संसारका जटिल समस्या र प्रस्नका जवाफहरू केवल पुनरुत्थानले मात्र दिनसक्छ भन्ने हामीहरूको आत्मज्ञानले हामीहरूको जीवनलाई कस्तो असर पार्न सक्दछ?

आ. मानिस अमर छ र उसको आत्मा अमर छ भन्ने विभिन्न दर्शन र धर्मले सिकाएका विद्यामा के खतरा छ? बाइबलसम्मत नभएका विद्यालाई अगाडि बढाउन शैतान किन सक्रिय छ? आत्मा अमर छ भन्ने धार्मिक विश्वासले युगको अन्तमा हुने फैसलाको धारणालाई कस्तो असर पार्न सक्छ?

इ. रुसको प्रख्यात साहित्यकार फियोदर डोटोवस्कीले परमेश्वरको अस्तित्वलाई विश्वास नगर्ने मानिसहरूको बारेमा जिज्ञासा राख्दै धेरैजसो तिनीहरू किन आत्महत्या गर्दनन् भनेर लेखेका थिए। परमेश्वरमा विश्वास छैन भने, अनन्त जीवन छैन भने र न्यायको आशा छैन भने मानिसहरूले अहिले पाइरहेका दु:खकष्टलाई अन्त्य गर्न किन आत्महत्यामा सरिक हुन्दैनन् भनेर उनी छक्क परेका थिए। त्यस्तो भावना सोच्नु नै किन भयानक छ? त्यस्तो नकारात्मक सोचलाई मत्थर पार्न कस्तो आशाले भरिपूर्ण शिक्षा बाइबलले हामीलाई सिकाउँदछ?